विचार

> जो मानिस आफ्नो कर्तव्यदेखि टाढा भाग्छ, त्यसले आफ्नो लाभ पनि गुमाउँछ।
>
> – थियोदर पार्कर

> अस्वस्थ कल्पनाले मानिस पागल हुन्छ, स्वस्थ कल्पनाले हुन्छ कवि।
>
> – लक्ष्मी प्रसाद देवकोटा

सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

सरकारको कामभन्दा गफ धेरै

दुई तिहाइ बहुमतसहितको सरकार गठन भएपछि नागरिकहरूले सरकारको सोच र शैलीमा परिवर्तन आउने आशा र अपेक्षा गरेका थिए । निर्वाचनअघि जनतासँग गरिएको प्रतिबद्धताअनुसार नै नेपाल कम्युनिस्ट पार्टीलाई बहुमत दिएर जनताले आफ्नो अभिभारा पूरा गरे । जनताले सधैँको राजनीतिक अस्थिरता, ६–६ महिनामा सरकार परिवर्तन भइरहने गलत परम्पराको अन्त्य गर्नको लागि तत्कालीन वाम गठबन्धनलाई बहुमत पनि दिए । अहिले दुई तिहाइ बहुमतको सरकार गठन भएको छ । तर जनताका समस्या ज्युँका त्युँ छन् । सरकारका मन्त्रीहरूको सोच र शैलीमा परिवर्तन आउन सकेको छैन । नागरिकहरूले सरकारसँग आमूल परिवर्तनको अपेक्षा राखेका छन् । विगतको निरन्तरता होइन, नयाँ सोच र नयाँ शैलीका साथ काम गरेको हेर्न चाहेका छन् । तर सरकारले नातावाद, कृपावादको परम्परालाई निरन्तरता दिँदै आएको छ ।

सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा अगाडि सारेको छ । सरकारको नीति तथा कार्यक्रम र बजेटमा समृद्ध नेपालको नारालाई प्राथमिकताका साथ राखिएको छ । सरकारले देशलाई समृद्ध बनाउने नारा अगाडि सार्नु राम्रो पक्ष हो । समृद्ध देश निर्माण भएको हेर्ने चाहना कुन नेपालीलाई नहोला र ? सरकार गठन भएको चार महिना बितिसकेको छ । सरकार जनताको दैनिक समस्याको समाधान गर्नसमेत असफल भएको छ । सरकारले समृद्धिको गफ र भाषण दिने कामलाई नै प्राथमिकतामा राखेको छ । महँगी नियन्त्रण हुन सकेको छैन । जनदबाबपछि मात्र पेट्रोलियम पदार्थको मूल्य ३ रुपियाँ घटाउन बाध्य भएको छ । जनताको पक्षमा काम गर्ने सरकारले जनतालाई नै सास्ती हुने निर्णय किन गरिरहेको छ ?

समृद्धि सरकारकाले एकोहोरो रटान लगाएर मात्र प्राप्त हुने होइन । यसको लागि स्पष्ट लक्ष्य र योजना चाहिन्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले समृद्धिको सपना दिनहुँ बाँडिरहेका छन् । हो, समृद्धि चाहिएको छ । तर भाषणमा मात्र आउने समृद्धिले के साँच्चिकै देशको परिवर्तन सम्भव छ त ? शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिएको कालोबजारी, बिचौलियाको अन्त्य गर्ने सरकारले ठोस नीति र कार्यक्रम नै अगाडि सार्न सकेको छैन । काम गर्ने इच्छाशक्ति भएको भए चार महिनाको अवधिमा उपत्यकामा देखिएको धूलो र हिलोको व्यवस्थापन हुने थियो । नारा लगाउँदैमा र भाषण ठोक्दैमा समृद्धि आउँदैन । समृद्ध देश बनाउनको लागि भाषण होइन, काम गर्नुपर्छ ।

लेखकहरूलाई अनुरोध

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

किम-ट्रम्प भेटपछिको विश्व राजनीति

विजय ज्ञवाली

एघार नोभेम्बर २०१६ का दिन विश्व शक्तिमान राष्ट्र अमेरिकाको ४५ औं राष्ट्रपतिमा निर्वाचित भएलगत्तै यस पंक्तिकारले 'ट्रम्प युगको उदय : सजिलो छैन ट्रम्पको आगामी कार्यकाल' शीर्षकमा एउटा लेख लेखेको थियो। राष्ट्रपतिमा निर्वाचित भएको एक महिना बिल्न नपाउँदै ट्रम्पले उत्तर कोरियामाथि आक्रमण हुनसक्ने चेतावनी दिएका थिए। ट्रम्पको चेतावनीपश्चात् उत्तेजित उत्तर कोरियाले जवाफस्वरूप अमेरिकाको जुनसुकै क्षेत्रमा कुनै पनि बेला मिसाइल आक्रमण हुनसक्ने चेतावनी दिएको थियो। यसै सन्दर्भलाई लिएर अमेरिका र उत्तर कोरियाबीच चर्को वाकयुद्ध मात्र भएन अवस्था यहाँसम्म आइपुग्यो कि जुनसुकै बेला पनि यी दुई देशबीच युद्ध हुनसक्ने त्रासमा बाँकी विश्व बेचैन रहिरह्यो। यसबीचमा उत्तर कोरियाले दर्जनौंपटक १,००० किलोमिटरभन्दा टाढाको दूरीसम्म मार हान्न सक्ने ब्यालेस्टिक मिसाइलहरूको परीक्षण मात्र गरेन, सयुंक्त राष्ट्रसंघको आकस्मिक बैठकद्वारा समेत उत्तर कोरियाकै कारण तेस्रो विश्वयुद्धको समय नजिकिँदै आइरहेको भन्नेसम्मको निष्कर्षमा पुग्न बाध्य बनायो।

यसै सन्दर्भलाई जोडेर पंक्तिकारले 'उत्तर कोरियाको परमाणु विवादसँगै विश्व समुदायमा देखा परेको अनिश्चयको प्रश्न' शीर्षकमा अर्को लेख पनि लेखेको थियो। माथिका यी दुई शीर्षक यो लेखसँग जोड्नुको अर्थ हो- विश्व कूटनीतिमा कच्चा खेलाडी मात्र नभएर सन्काहा प्रवृत्तिका ट्रम्पले कुनै पनि बेला लिन सक्ने अप्रिय निर्णय र उत्तर कोरियाको निरन्तरको आणविक हतियार मोहले गर्दा कतै बाँकी विश्वलाई समेत तहसनहस पार्ने त होइन भन्ने जुन सन्त्रास थियो, त्यस्तो सन्त्रास भने अहिलेलाई टरेको छ।

केही हप्तापहिला अमेरिकाका राष्ट्रपति ट्रम्पले ट्विटरमा आफू र उत्तर कोरियाका राष्ट्रपति किम जोङबीच हुने शिखर वार्ताको सम्पूर्ण तयारीका लागि अमेरिकी अधिकारीहरू सिंगापुर पुगिसकेको कुरा उल्लेख गरेका थिए। ट्रम्पको उक्त ट्विटसँगै आमविश्वले पनि शिखरवार्ता निष्कर्षमा पुगोस् भन्ने चाहना मात्र गरेन, बाँकी विश्व शान्तिको यात्रा पनि यसै शिखर वार्तासँगै अगाडि बढोस् भन्ने कामना गरेको देखिन्छ। अन्ततः गत जुन १२ मा सिंगापुरको अति विलासी होटल सेन्टोसा आइल्यान्डमा यी दुई शीर्ष नेताबीच भेटघाट कार्यक्रम अत्यन्तै उत्साहप्रदरूपमा सम्पन्न भएरै छोड्यो। त्यस्तै ट्रम्पले अर्को एक ट्विट गर्दै भनेका थिए- 'उत्तर कोरियामा अत्यधिक क्षमता छ, एकदिन उक्त देश पनि उत्कृष्ट आर्थिक अनि वित्तीय राष्ट्र बन्नेछ।' सरसर्ती ट्रम्पका लगातारका ट्विटहरू नियाल्ने हो भने के निष्कर्षमा पुग्न सकिन्छ भने, अमेरिका पनि अब उत्तर कोरियासँग वार्ताकै माध्यम समस्या समाधान गर्न चाहन्छ। युद्धले उत्तर कोरिया र अमेरिका मात्र होइन, बाँकी विश्व पनि प्रत्यक्ष प्रभावित हुने हुनाले ट्रम्पको यो सुझबुझपूर्ण निर्णय अत्यन्तै स्वागतयोग्य हो भने यता उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनको आफ्नो देशलाई आणविक हतियारमुक्त बनाउने उद्घोष समग्र विश्वका लागि साँच्चिकै उल्लासमय बनेको छ।

यी दुई हस्तीबीच भेटवार्ता हुनुपूर्वका गतिविधि नियाल्ने हो भने उत्तर कोरियाका अधिकारीहरूले पनि आफ्ना अमेरिकी समकक्षीसमक्ष परमाणु निशस्त्रीकरणको मुद्दाका बारेमा निरन्तर जानकारी दिइराखेका छन् भने स्वयं किम जोङ उन नै अमेरिकासँग हुन गइरहेको शिखर वार्तामा परमाणु निशस्त्रीकरणको बारेमा वार्ता गर्न तयार रहिसकेको जनाउ दिइसकेका थिए। किमको यस प्रकारको तयारीले शिखरवार्तालाई अझ मार्गप्रशस्त गऱ्यो। अझ रोचक कुरा त के छ भने, उत्तर कोरिया र अमेरिकाबीच प्रत्यक्ष संवाद हुन छोडेको धेरै लामो समय भैसकेको थियो। तर, दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहाकार चुंग यी योंगद्वारा उत्तर कोरिया अमेरिकासँग वार्ता गर्न तयार रहेको सन्देश अमेरिका पठाउनासाथ निरन्तर अमेरिका र उत्तर कोरियाबीच प्रत्यक्ष संवाद चल्दै चल्दै गयो। यी दुई कट्टर देशबीच यस प्रकारको सामीप्यताले दुई देशबीच झनै हार्दिकता मात्र बढाएन, नजिकिँदै गइराखेको शिखर वार्तासमेत निष्कर्षमा पुग्न सक्ने बलियो आधार बनेर गएको थियो।

किम ट्रम्प मिलनविन्दु

विष वमनका कैयौं दशकहरू छिचोल्दै अन्ततः दुई कोरियाली राष्ट्रबीचको मिलन साँच्चिकै एउटा रूपान्तरित वैश्विक सपना थियो। कोरियाली प्रायद्विपमा सन् १९५३ पछि कुनै एउटा जादु भएको छ त उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उन र दक्षिण कोरियाली राष्ट्रपति मुन जे इनको उच्चतम समझदारीमा कायम भएको छ। आर्थिक समृद्धिसँगै लोकतान्त्रिक मार्ग अवलम्बन गरेको दक्षिण कोरिया र रासायनिक हतियारसँगै सैन्य आडमा नै देशको भलो खोजिरहेको उत्तर कोरियाबीचको टकराव केवल कोरियन प्रायद्विपमा मात्र सीमित थिएन, अपितु उत्तर कोरियाको आणविक कार्यक्रम र निरन्तरका क्षेप्यास्त्रको विषयलाई लिएर समग्र विश्व चिन्तित थियो। यता सिरिया युद्धको टकराव, चीनसँगको व्यापारिक युद्धको उद्घोष, अनि उत्तर कोरियाको निरन्तरको परमाणु परीक्षणसँगै अमेरिकाको लागि धम्की, यी तीन विषय नै अमेरिकाको लागि टाउको दुखाइका विषय थिए।

दुई कोरियाको मिलनसँगै उत्साहित ट्रम्पले किमसँग भेट्ने तीव्र इच्छा व्यक्त गरेका थिए भने यता कोरियाली मिलनसँगै किमले पनि ट्रम्पसँग भेट्ने इच्छा जाहेर गरेका थिए। मे महिनामा नै यी दुई हस्तीबीच वार्ता हुने तय भए तापनि विशेष कारणवश स्थगन हुन पुगेको उक्त भेटको चाँजोपाँजो भने १२ जुनका दिन सिंगापुरको सेन्टाजो आइसल्यान्ड होटेलमा जुरेको थियो। परमाणु हतियारले यी दुवै देश यसभन्दा अघि एकले अर्कोलाई सिध्याइछाड्ने रणनीतिमा थिए। तर, उत्तर कोरिया र दक्षिण कोरियाबीचको आकस्मिक तथा आश्चर्यजनक मिलनसँगै समग्र वैश्विक राजनीतिले पनि एकाएक १८० डिग्रीको फन्को मार्दै गयो। दुई कोरियाली मिलनपश्चात् चीन भ्रमणमा निस्किएका उत्तर कोरियाली सर्वोच्च नेतासँग भेटवार्ता गर्न ट्रम्प अधीर थिए। यता उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनले पनि अमेरिकी प्रस्तावलाई सहजै स्वीकार गरेसँगै अन्य विश्वजगत् पनि सुखद आश्चर्यमय बन्न पुग्यो।

निरन्तरका मिसाइल परीक्षण, दक्षिण कोरियाप्रति आक्रामक रणनीति अंगालेको उत्तर कोरियाले समग्र विश्वलाई त्रासमय मात्र बनाएको थिएन अपितु मानवअधिकार उल्लंघनको सवालमा पनि अत्यधिक आलोचना खेप्नुपरेको उक्त देशले १ जनवरीका दिन भने समग्र विश्वलाई तरंगित पारिदियो। उक्त दिन उत्तर कोरियाली सर्वोच्च नेता किमले अचानक दक्षिण कोरियासँग सहकार्य गर्ने उद्घोष मात्र गरेनन्, अपितु दक्षिण कोरियामा जारी हुन गइरहेको विन्टर ओलम्पिक्समा आइस स्केटर्ससहित आफ्नो टोली पनि सहभागी गराउने उद्घोष नै गरिदिए। उत्तरको यस्तो चाहनालाई दक्षिणका अधिकारीहरूले अमेरिकासम्म पुऱ्याइदिएका थिए। अमेरिकाको ग्रीन सिग्नलपश्चात् नै उत्तर-दक्षिण कोरियाबीच मात्र मिलन भएन कि, एक-अर्कालाई घोर दुश्मनको उद्घोष गरेका अमेरिका-उत्तर कोरिया पनि अन्ततः मित्रताको सूचीमा अनुबन्ध भएरै छोडे।

अबको विश्वराजनीति

सम्पूर्ण परमाणु कार्यक्रमहरूलाई स्थगित गर्दै परमाणुरहित देश बन्ने उत्तर कोरियाको अभियानपश्चात् अबको बाँकी विश्वराजनीति कसरी अगाडि बढ्नेछ भन्ने सबैको चासो रहेको पाइन्छ। उत्तर कोरियाले साँच्चिकै परमाणु हतियार तथा परीक्षण मोह त्यागेकै हो भने अबका दिनहरूमा कोरियाली प्रायद्विपमा मात्र होइन, समग्र विश्वराजनीतिले पनि सहकार्यको मार्ग प्रशस्त गर्नेछ। सिरिया युद्धमा होमिएको अमेरिकालाई युद्ध छोडेर वार्ताकै माध्यम सिरिया संकट समाधान गर्न नैतिक दबाब त परेको नै छ, साथमा सिरिया मुद्दालाई लिएर मध्यपूर्व र अमेरिकाबीचमा पनि केही सहजताको अनुभव हुन्छ कि भन्ने धेरैको आँकलन छ।

यद्यपि, उत्तर कोरियालाई परमाणु निःशस्त्रीकरण र मानवअधिकारको रक्षाको लागि दबाब दिएर फर्किएका ट्रम्पले सिरियामाथि परमाणु हमला गरी निर्दोष मानिसको एकै चिहान बनाउनु कत्ति पनि मनासिव हुँदैन, नैतिकताले दिँदैन। तर, सिरिया मुद्दामा जुँगाको दाउ लगाइसकेको अमेरिकाले नैतिकता र मानवअधिकारको प्रत्याभूतिलाई लत्याउँदै निरन्तर सिरियामाथि मिसाइल आक्रमण नरोक्ने हो भने ट्रम्प केवल एक खलपात्रमा मात्र चित्रित हुनेछन्। उत्तर कोरियासँग सहकार्य गरेर आफ्नो उचाइलाई चुचुरोमा पुऱ्याएका ट्रम्पले उक्त उचाइलाई कायम राखिराख्ने हो भने तत्काल सिरिया युद्ध अन्त्य गर्नै पर्दछ र वार्ताकै माध्यम सिरिया संकट हल गर्न सक्नुपर्दछ। ट्रम्पले यदि यसो गर्न सके भने विश्व इतिहासले ट्रम्पलाई एक महान् हस्तीको रूपमा सम्झिरहनेछ।

यदि सिरिया युद्ध बन्द नगरेर सिरियामा निरन्तर नरसंहार गर्दै जाने हो भने ट्रम्पको चुलिएको उचाइ भार्सिँदै जानेछ। उत्तर कोरियाले सहकार्यको हात अघि बढाएर बेचैन विश्वराजनीतिलाई चैनमा परिणत त गरिदिएको छ, तर अझै पनि सिरिया संकटले गर्दा विश्वराजनीति उद्वेलित छ। सिरिया संकट वार्ताकै माध्यम समाधान हुनुपर्दछ भन्नेमा अधिकांश विश्वसमुदाय एकमत मात्र छैनन्, बाँकी वैश्विक राजनीति पनि सिरिया संकटसँगै तय हुनेछ। विश्वराजनीतिलाई सहिष्णु बनाउने या खलबल्याउने, यो सबै जिम्मा अमेरिकाकै हातमा छ। आईएसलाई उचालेर सिरिया संकटलाई जटिल बनाउँदै गएको अमेरिकाले सिरिया संकट समाधानमा पहलकदमी नलिने हो भने यसले वैश्विकरूपमै गम्भीर असर पर्न सक्छ। तसर्थ अबको विश्वराजनीति सिरिया संकट र अमेरिकाको रणनीतिमाथि नै टिकेको हुँदा अमेरिकाले गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ। कोरियाली प्रायद्विपबाट शुरू भएको विश्वशान्तिको यात्रा सिरियामा पुगेर अन्त्य नहोस्, नायक बन्ने या खलनायक के बन्ने, आगे ट्रम्पकै जो मर्जी।

> अमेरिकाले सिरिया संकट समाधानमा पहलकदमी नलिने हो भने यसले वैश्विकरूपमै गम्भीर असर पर्न सक्छ। तसर्थ अबको विश्वराजनीति सिरिया संकट र अमेरिकाको रणनीतिमाथि नै टिकेको हुँदा अमेरिकाले गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ। कोरियाली प्रायद्विपबाट शुरु भएको विश्वशान्तिको यात्रा सिरियामा पुगेर अन्त्य नहोस्, नायक बन्ने या खलनायक के बन्ने, आगे ट्रम्पकै जो मर्जी।

पाठक पत्र

ट्राफिक व्यवस्थापन जरूरी

राजधानी रहेको काठमाडौं उपत्यका यति बेला अस्तव्यस्त देखिन थालेको छ। बिहान-बेलुकाको समयमा निकै जाम रहने बजार दिउँसोको समयमा जामसँगै सवारी चापका कारण अस्तव्यस्त अवस्थामा देखिने गरेको छ। सवारी चालकहरूको लापरबाही, ट्राफिक नियमको चरम उल्लंघनले उपत्यकालाई कुरूप मात्रै बनाउने गरेको छैन, पैदल यात्रा गर्नेलाई निकै कठिन हुने गरेको छ। बजारमा जथाभावी राखिएका सवारीसाधनका कारण एकातर्फ बाटोमा जाम हुने गरेको छ भने बिहान कार्यालय समय र बेलुका कार्यालय छुट्ने समयमा उपत्यकाको चक्रपथलगायतका भित्रको सडकमा पनि निकै ठूलो जाम हुने गरेको छ।

बजार क्षेत्रमा जथाभावी ठूला ट्रक तथा मालवाहक साधनहरू प्रवेश गर्ने र सामान उठाउने तथा झार्ने गर्दा पनि सवारी जामको समस्या हुने गरेको छ। एकातर्फ बजारमा बढ्दै गैरहेको मानिसको चाप, मानिससँगै बढिरहेको सवारीको चापले बजार यसै पनि अपर्याप्त भैरहेका बेला बजारको ट्राफिक व्यवस्थापनमा ध्यान नदिइँदा बजारलाई बाटो बनाउँदा सर्वसधारणलाई सास्ती भैरहेको छ। चोक-चोकमा रोकेर राखिएका साना तथा ठूला सवारीसाधनलाई पार्किङ गर्न मिल्ने स्थानमा मात्रै पार्किङ गर्न दिने, चोक एवम् घरका पेटी र सडकछेउछाउमा राखिएका सावरीसाधनलाई नियमानुसारको कार्वाही गर्ने र व्यावसायिक प्रयोजनमा प्रयोग हुने यातायातलाई समय तालिका बनाएर मात्रै बजार प्रवेश दिने व्यवस्थालाई कडाइका साथ लागू गर्नु अहिलेको आवश्यकता हो।

उपत्यकामामा बढेको ट्राफिक जामका कारण एकातर्फ बजार कुरूप छ, सर्वसाधारणलाई ओहोरदोहोर गर्ने बाटो छैन। आपतकालीन अवस्थामा प्रयोग हुने एम्बुलेन्स, अग्नि नियन्त्रक, प्रहरीलगायतका साधानहरू सहज आवतजावत गर्न सक्ने वातावरण छैन भने अर्कोतर्फ दुर्घटनाको भय आजभन्दा भोलि दोब्बर बन्दै गैरहेको छ। त्यसैले महानगरपालिकाको पहलमा उपत्यकामा सवारीसाधनको पार्किङको लागि उचित व्यवस्था मिलाउने काम छिटोभन्दा छिटो थालिनु आवश्यक छ।

- मनोज श्रेष्ठ, काठमाडौं

विद्युत् चोरलाई नछाड

विद्युत् चोरी गर्नु राष्ट्रिय अपराध हो। तर, यस्तो कार्य संगठितरूपमै चल्दै आए पनि राज्यले नियन्त्रण गर्न सकिरहेको छैन। विद्युत् वितरण लाइनबाट हुकिङ गर्ने, मिटर नराखी विद्युत् प्रयोग गर्ने, मिटर बिगार्ने, मिटर उल्टो पार्ने, मिटर रिडिङ गर्न नदिनेलगायतका हर्कत गरेर विद्युत् चोरी हुँदै आएका छन्। यसबाहेक, कतिपय सर्वसाधारण र उद्योगहरूले नै विद्युत् चोरी गर्ने गरेका घटनाहरू पनि सञ्चारमाध्यममा पटकपटक सार्वजनिक भएका छन्। विद्युत् चुहावटमा प्राधिकरणकै कर्मचारी संलग्न भई केही उद्योगहरूलाई विद्युत् बेच्ने गरेको विषय पनि प्रकाशमा आइसकेका छन्।

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको वैशाखसम्म अर्थात् १० महिनामा १० अर्ब रुपियाँको विद्युत् चोरी भएको तथ्यांक सार्वजनिक गरेको छ। सो अवधिमा १ अर्ब १ करोड युनिट बिजुली चोरी भएको थियो। यही तथ्यांकअनुसार नेपालमा विद्युत् चोरीबाट मासिक १ अर्ब रुपियाँको राजस्व घाटा भइरहेको देखिन्छ। विद्युत् दुरूपयोगका घटनाहरू पटकपटक सार्वजनिक हुँदै आए पनि नियन्त्रणतर्फ भने सार्थक पहल हुन सकेको पाइँदैन।

विद्युत् आपूर्ति आउने-जाने क्रम चलिरहे पनि यति बेला देश लोडसेडिङ मुक्त भएको छ। बिजुलीको सही व्यवस्थापन गर्न सकिने हो भने अस्वाभाविक लाग्ने काम पनि सहजै गर्न सकिँदो रहेछ भन्ने उदाहरण अहिले नेपाल विद्युत् प्राधिकरणले प्रस्तुत गरिरहेको छ। विद्युत्को दुरूपयोगका कारण सर्वसाधारणले अनावश्यक लोडसेडिङको मार खेप्नुपरेको थियो। तर, ऊर्जा व्यवस्थापन गर्दा अहिले लोडसेडिङ मुक्त भनेर सर्वसाधारणले गर्व गर्न पाएका छन्। तर, विद्युत् चोरीबाट मासिक १ अर्ब रुपियाँको राजस्व घाटा हुनु कुनै पनि मानेमा उचित मान्न सकिँदैन।

विद्युत् चुहावटका तथ्यांक सार्वजनिक हुँदै गर्दा वर्षौंदेखि नगरपालिकाहरूका सडक बत्तीको मिटरिङ हुन सकेको देखिँदैन। सोको भुक्तानीसमेत विद्युत् प्राधिकरणलाई हालसम्म उपलब्ध हुन नसक्नु विडम्बना नै हो। विद्युत् चुहावट नियन्त्रणमा चुनौती बढिरहँदा सडक बत्तीको महसुल कसले तिर्ने भन्ने विषयमा अन्योल कायमै छ। प्राधिकरणले सडक बत्तीबापत्को अर्बौं बक्यौता असुली गर्न सकिरहेको छैन। सडक बत्ती त एउटा दृष्टान्त मात्र हो, यस्ता अन्य अवैध ग्राहकहरूलाई वैध बनाउन नसक्दा विद्युत् चुहावटको प्रतिशत बढेर गएको छ।

गत असारसम्म प्राधिकरणको प्रणालीमा २२.९ प्रतिशत चुहावट हुने गरेकोमा अहिले २० प्रतिशतमा झरेको दाबी गरिएको छ। प्राधिकरणले आगामी तीन वर्षभित्र प्रणालीमा रहेको चुहावट १५ प्रतिशतमा झार्ने लक्ष्यसमेत राखेको छ। सो लक्ष्य प्राप्त गर्न हरेक वितरण केन्द्रहरूमा चुहावट नियन्त्रणका विशेष अभियानहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। विद्युत् प्राधिकरणले चुहावट नियन्त्रणमा चालेको अभियानमा गृह मन्त्रालयले सघाउने प्रतिबद्धता जनाएको छ। चुहावट नियन्त्रणका लागि प्रहरीसमेत परिचालन हुने बताइएको छ। तर, यसबाट तत्काल केही विद्युत् चुहावटमा नियन्त्रण आउन सक्ने देखिए पनि दीर्घकालीनरूपमा यस्तो बल प्रयोगबाट विद्युत् चुहावट नियन्त्रण प्रायः असम्भव हुन सक्छ। किनभने, विद्युत् चुहावटको दीर्घकालीन समाधान विद्युतीय प्रणालीलाई बलियो बनाएर मात्र हुन सक्छ। उसो त, विगतमा पनि चुहावट नियन्त्रणमा प्रहरीको संलग्नता नभएको होइन। चुहावट न्यूनीकरण गर्न असम्भव छैन। चोरी नियन्त्रणलाई परिणाममुखी बनाउन सरोकारवाला निकायबीच समन्वय गरी कार्ययोजना निर्माण गर्दै विद्युत् चोरी गर्नेलाई कडा कारबाहीको व्यवस्था गर्नु जरुरी देखिन्छ।

- सुलोचना कार्की, भक्तपुर

मानव तस्करलाई कारबाही गर

वैदेशिक रोजगारीमा ठगीका घटना बढ्दै गएको छ। अमेरिका, युरोपियन मुलुक, मलेसियालगायत खाडी मुलुकहरूमा वैदेशिक रोजगारीका लागि भन्दै नेपाली कामदार ठगिँदै आएको खबर सञ्चारमाध्यमहरूमा आउने क्रम जारी छ। ठगीका उजुरी परे पनि छानबिन गरी पीडितलाई न्याय दिलाउने काम भने अत्यन्तै सुस्त गतिमा हुने गरेको छ। जसका कारण शृङ्खलाबद्धरूपमा वैदेशिक रोजगारमा रहेका नेपाली तथा जान चाहने युवालाई विभिन्न प्रलोभन देखाएर ठग्ने गिरोह सक्रिय भइरहेका छन्।

वैदेशिक रोजगारीमा पठाउने भन्दै रकम असुलेर फरार हुने, रकम असुल गरी विदेश नपठाउने, राहदानी नियन्त्रणमा लिएर राख्नेलगायतका अवैध काम गर्नेविरुद्ध उजुरी परे पनि त्यस्ता म्यानपावर कम्पनी तथा एजेन्टविरुद्ध कारबाही भने हुन सकेको छैन। प्रायजसो कामअनुसार तलब नदिने, एउटा काम देखाएर अर्कैमा पठाउने म्यानपावर कम्पनी तथा व्यक्तिविरुद्ध हजारौं उजुरी पर्ने गरेका छन्। म्यानपावर व्यवसायी वा एजेन्टबाट अवैध काम भइरहे पनि वैदेशिक रोजगार विभागले नगण्यरूपमा कानुनी कारबाही गरेको पाइन्छ। अब तत्काल यस विषयमा ध्यान दिइयोस्।

- सुरेश माझी, ललितपुर

सामाजिक सञ्जाल

यो जिन्दगी के हो बुझ्न चहान्छौ भने आफ्नो आमालाई बुझ्ने कोशिश गर, किनकि संसारमा जिन्दगीको सर्वोत्तम परिभाषा नै ऊहाँहरु हो।

निता उप्रेती
@UpretiNita

लाग्छ जीवन गुच्चाको खेल हो, जित्नको लागि एकले आर्कालाई प्रहार गरिरहनुपर्ने। तर आखिर जित्नेको अन्त्य पनि उही।

Kp Khanal
@kepikhanal1

यात्रामा एक्लै भएँ भनेर बाटो नफेरौं। के थाहा 'सँगै हिँड्ने चाहनाले छोडी जाने/हराउनेहरु त्यही बाटो हुँदै पुनः फर्किएर पो आउँछन् कि ?'

अञ्जन भण्डारी
@mokshya_